# संचालक समिति



श्रीमती मारग्रेट टि. जे. शाह
अध्यक्ष



श्री नरेन्द्र कुमार बस्न्यात्
संचालक



श्री राज बहादुर शाह
प्रबन्ध संचालक



श्री अखिलेश्वर प्रसाद सिंह
संचालक



श्री विनोद श्रेष्ठ
संचालक



श्री परिमल झा
संचालक
(सर्व साधारण शेयरधनी समुह)



श्री शंकर राज पाण्डे
संचालक
(सर्व साधारण शेयरधनी समुह)



श्री सान्टु श्रेष्ठ
संचालक
(सर्व साधारण शेयरधनी समुह)



श्री प्रकाशमणी घिमिरे
स्वतन्त्र संचालक

# हिमालयन डिष्टिलरी लिमिटेड

## लिपनी विर्ता गा. वि. स. ७, पर्सा, नेपाल

## फोन नं. ०५१–६२०२२३

आदरणीय शेयरधनी महानुभावहरु,

**विषय : १५ औं वार्षिक साधारण सभा सम्बन्धी सूचना ।**

यस कम्पनीको मिति २०७२ साल आश्विन २४ गते आईतवार वसेको संचालक समितीको निर्णयानुसार कम्पनीको पन्ध्रौं वार्षिक साधारण सभा देहायको विषयहरुमा छलफल गर्नका लागि निम्न मिति, स्थान तथा समयमा बस्ने भएकोले शेयरधनी महानुभावहरुको उपस्थितिको लागि हार्दिक अनुरोध गरिएको छ।

**छलफलका विषयहरु :**

१. संचालक समितिको तर्फबाट साधारण सभामा पेश हुने अध्यक्षको प्रतिवेदनलाई पारित गर्ने।

२. कम्पनीको आ.ब.२०७१/०७२ को वासलात,नाफा—नोक्सान हिसाब र नगद प्रवाह हिसाब सहितको लेखा परीक्षण प्रतिवेदन स्वीकृत गर्ने।

३. आ.व.२०७२/०७३ का लागि लेखा परीक्षकको नियुक्तिका सम्बन्धमा संचालक समितिबाट समेत सिफारिस भई आएका जि.पि. राजबहाक एण्ड कम्पनी, चार्टण्ड एकाउण्टेण्टलाई नियुक्ती गरी निजको पारिश्रमिक निर्धारण गर्ने।

४. संचालक समितिले सिफारिस गरे अनुसार कम्पनीका शेयरधनीहरुलाई नगद लाभांसमा लाग्ने कर बाहेक प्रति शेयर रु.२० (वीस) का दरले नगद लाभांस वितरण गर्न स्विकृत गर्ने।

५. हिमालयन डिष्टिलरी लि. र जावलाखेल ग्रूप अफ ईण्डष्ट्रिज प्रा.लि. वीच भएको सम्झौतालाई अनुमोदन गर्ने।

६. आ.व.२०७२।०७३ को लागि कम्पनी ऐन २०६३ को दफा १०५ (ग) ले व्यवस्था गरे भन्दा बढिको खर्चलाई पूर्व स्विकृतीको लागि विषेश प्रस्ताव पारित गर्ने।

७. विविध।

मिति : बुधबार, १६ मंसिर २०७२ (तदनुसार २, डिसेम्वर, सन् २०१५)  
स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, पर्सा।  
समय : विहान ठिक १०:०० बजे।

## साधारण सभा सम्बन्धि जानकारी :

१. मिति २०७२/८/१ गते देखि २०७२/८/७ सम्म कम्पनीको शेयरवालाहरुको शेयरधनी दर्ता किताब पूर्ण बन्द गरिनेछ । नेपाल स्टक एक्चेन्ज लिमिटेडमा २०७२ कार्तिक ३० गते सम्म कारोवार भई २०७२ मंसिर ७ गते भित्र यस कम्पनीमा प्राप्त शेयर नामसारीको लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम भएका शेयरधनीहरुले कम्पनीको पन्धौं वार्षिक साधारण शभामा भाग लिन र वितरण गरेको नगद लाभांस पाउने छन ।

२. कम्पनीको आ.व.२०७१/०७२ को वार्षिक प्रतिवेदनहरु, प्रोक्सी फाराम, प्रवेश–पत्र समेत सम्पूर्ण शेयरधनी महानुभावहरुलाई हुलाक मार्फत पठाउने व्यवस्था मिलाइएको छ । कारणवश कसैलाई प्राप्त नभएको भए कम्पनीको रजिष्टर्ड कार्यालय, लिपनि विर्ता ७ पर्साबाट शेयरधनीको प्रमाण प्रस्तुत गरी उक्त प्रतिवेदनहरु प्राप्त गर्न सक्नु हुनेछ ।

३. साधारण सभामा भाग लिन आउँदा शेयरधनी महानुभावहरुले प्रवेश–पत्र वा शेयर प्रमाण पत्र र नेपाल सरकारबाट जारी भएको फोटो टासिएको कुनै प्रमाण ल्याउनु हुन अनुरोध गरिन्छ ।

४. सभा हुने दिन सभा शुरु हुनको लागि तोकिएको समय भन्दा पहिले उपस्थित भई दिनु हुन अनुरोध गरिन्छ ।

५. उपस्थित पुस्तिका सभा हुने दिन विहान ७:३० बजे देखि विहानको १०:०० बजे सम्म खुल्ला गरिनेछ । त्यस पछि पूर्ण रुपमा बन्द गरिनेछ ।

६. नावालक वा बिक्षिप्त शेयरधनीहरुको तर्फबाट कम्पनीको शेयर दर्ता किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा मतदान गर्न वा प्रतिनिधि(प्रोक्सी) तोक्न सक्नेछ ।

७. प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्ने व्यक्ति कम्पनी वा संगठित संस्था भएमा त्यस्तो नियुक्ती पत्रमा सो संस्था वा कम्पनीको छाप सहित अधिकृत व्यक्तिको दस्तखत भएको हुनु पर्नेछ । संस्थागत शेयरधनी बाहेक अरुले यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्दा कम्पनीको अर्को शेयरधनिलाई मात्र गर्नु पर्नेछ ।

८. साधारण सभामा भाग लिन प्रतिनिधि नियुक्ति गर्दा सो नियुक्ति पत्र कम्पनीको साधारण सभा हुनु भन्दा ९६ घण्टा अगावै प्रतिनिधि पत्र (प्रोक्सी) फारम कम्पनी समक्ष दर्ता गरि सक्नु पर्नेछ । सभामा भाग लिन वा मतदान गर्न प्रतिनिधि दर्ता गरि सके पछि सो लाई बदर गरि अर्को प्रतिनिधि पत्र (प्रोक्सी) दिन चाहेमा सो को सूचना ४८ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालय पर्सामा दर्ता गर्नु पर्नेछ । प्रतिनिधि मुकरर गर्दा केहि शेयर आफै संग बाँकी राखि प्रतिनिधि मुकरर गर्न पाईने छैन । सम्पुर्ण शेयरको लागि एकै व्यक्तिलाई प्रतिनिधि मुकरर गर्नु पर्नेछ । प्रतिनिधि मुकरर गर्ने शेयरधनी सभामा स्वयं उपस्थित भएमा उक्त मुकरर गरिएको प्रतिनिधि (प्रोक्सि) स्वतः रद्द हुनेछ ।

९. बिविध शिर्षक अन्तर्गत छलफल गर्न ईच्छुक शेयरधनीहरुले सभा हुनु भन्दा सात दिन अगावै छलफलको बिषय खोलि कम्पनी सचिव मार्फत लिखित रुपमा संचालक समितिको अध्यक्षलाई जानकारी दिनु पर्नेछ ।

१०. सभामा आफ्नो मन्तव्य वा जिज्ञासा ब्यक्त गर्न चाहनु हुने शेयरधनी महानुभावले सभाध्यक्षले तोकेको समयमा एक एक गरि पालो पालो मन्तब्य वा जिज्ञासा व्यक्त गरि दिनु भई सहयोग गरि दिनु हुन अनुरोध छ ।

११. शेयरधनीले ब्यक्त गरेको मन्तब्य वा प्रश्नहरुका सम्बन्धमा संचालक समितिका तर्फबाट सामुहिक रुपले उत्तर दिईनेछ ।

१२. सभा सम्बन्धी अन्य केही बुझ्नु परेमा कम्पनीको रजिष्टर्ड कार्यालय, लिपनि विर्ता ७ पर्सामा कार्यालय समय भित्र सम्पर्क राख्नु हुन अनुरोध छ ।

आज्ञाले,
कम्पनी सचिव

**श्री संचालक समिति,**
**हिमालयन डिष्टिलरी लिमिटेड ।**

**बिषय : प्रतिनिधि नियुक्त गरेको बारे ।**

महाशय,

................................ जिल्ला ...................................... न. पा. /गा.वि.स. वडा नं ......... बस्ने म/हामी ...... .....................................................................ले त्यस कम्पनीको शेयरवालाको हैसियतले २०७२ साल मंसिर १६ गते बुधवारका दिन हुने पन्ध्रौं वार्षिक साधारण सभामा म स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएको ले उक्त सभामा मेरो तर्फबाट भाग लिनका लागि ..........................जिल्ला .................................. न. पा/गा.वि.स ..........................वडा नं .........बस्ने त्यस कम्पनीका शेयरवाला श्री ............................................शेयर प्रमाण पत्र नं........................लाई मेरो/हाम्रो प्रतिनिधि मनोनित गरी पठाएको छु/छौं ।

प्रतिनिधि नियुक्त भएको व्यक्तिको
हस्ताक्षरको नमूना :

निवेदक,
हस्ताक्षर :
नाम:
ठेगाना :
शेयर प्रमाण पत्र नं. :
कि.नं...................देखि .................सम्म ।
मिति :

नोट : यो निवेदन साधारण सभा हुनु भन्दा कम्तिमा ९६ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालय लिपनि विर्ता –७, पर्सा मा पेश गरि सक्नु पर्नेछ । एक भन्दा बढी प्रोक्सीको नाम उल्लेख गरेमा प्रोक्सी फारम रद्द गरिने छ ।

— — — — — — — — — — — — — — — — — — — — — — — —

(कृपया यहां काट्नु होला)

**हिमालयन डिष्टिलरी लिमिटेडको पन्ध्रौं वार्षिक साधारण सभामा उपस्थित हुन जारी गरिएको**

## प्रवेश–पत्र

शेयरधनीको नाम .........................................................................................

शेयरधनीको सही .................................... प्र.प.न. ..............शेयर संख्या नं .................देखि ................ सम्म जम्मा ........................थान ।

हिमालयन डिष्टिलरी लि. को मिति २०७२/८/१६ गते बुधवारका दिन हुने पन्ध्रौं वार्षिक साधारण सभामा उपस्थित हुन जारी गरिएको प्रवेश–पत्र ।

..........................
(कम्पनी सचिव)

द्रष्टव्य : शेयरवाला आफैंले खाली कोष्ट भर्नुहोला ।
(सभा कक्षमा प्रवेश गर्न यो प्रवेश–पत्र अनिवार्य रुपमा लिई आउनु हुन अनुरोध छ)

## हिमालयन डिष्टिलरी लिमिटेडको
### पन्ध्रौं वार्षिक साधारण सभामा

## संचालक समितिको तर्फबाट प्रस्तुत अध्यक्षको प्रतिवेदन

श्री आदरणीय कम्पनीका शेयरधनी महानुभावहरु,

यस हिमालयन डिष्टिलरी लिमिटेडको पन्ध्रौं बार्षिक साधारण सभामा उपस्थित हुनु भएका सम्पूर्ण शेयरधनी महानुभावहरुलाई संचालक समितीको अध्यक्षको तर्फबाट म हार्दिक स्वागत गर्दछु । यस अवसरमा म २०७२ साल असाढ मसान्तको कम्पनीको वासलात, आर्थिक वर्ष २०७१।०७२ को नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण तथा अन्य सम्पूर्ण वित्तीय विवरणहरु सभाको स्विकृतका लागि प्रस्तुत गर्दछु । यस सम्मानित सभामा म संचालक समितिको तर्फबाट कम्पनीको गत वर्षको कार्यको समिक्षा तथा भावी कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

## १. आर्थिक वर्ष २०७१/०७२ को कारोबारको सिंहावलोकन :

आर्थिक वर्ष २०७१/०७२ मा कम्पनीले गरेको कारोबारको संक्षिप्त बिवरण निम्नानुसार रहेको छ ।

| विवरण | आ.ब. २०७१/७२ को अनुमानित (Projected) स्विकृत वार्षिक वजेट | आ.ब. |
|---|---|---|
| २०७१/७२ को बास्तविक नाफा नोक्सान विवरण | | |
| विकी | १,५९,३८,४७,०७०।०० | १,५२,३६,४६,३००।०० |
| कुल संचालन खर्च | १,११,७५,३३,९७०।०० | १,०२,९६,८७,७९७।०० |
| व्याज तथा ह्रास कट्टी/अपलेखन पूर्वको नाफा | २०,९८,३५,८३०।०० | १७,९१,७५,४४१।०० |
| व्याज पुर्वको नाफा | १६,६०,१४,५३०।०० | १३,७०,३४,५६०।०० |
| आयकर व्यवस्था पुर्वको नाफा | १३,७०,२३,४२०।०० | ११,९२,४०,१०७।०० |
| आयकर पछिको नाफा | ८,७१,९६,७२०।०० | ८,१२,५४,२७६।०० |

कम्पनीमा काम गर्ने कामदार, कर्मचारी तथा कम्पनी व्यवस्थापनको अथक प्रयास एवं उच्च लगनशिलता र कडा मेहनतका कारणबाट कम्पनीले योजना गरी संचालक समितिबाट स्विकृत बार्षिक अनुमानित बजेटले निदृष्ट गरे भन्दा केहि कम मात्र वास्तविक मुनाफा आर्जन गर्न सफल भई रु. ८,१२,५४,२७६/– मुनाफा आर्जन गर्न सफल भएका छौं ।

## २. राष्ट्रिय तथा अन्तराष्ट्रिय स्थितिबाट कम्पनीको कारोबारलाई परेको असर :

(क) मदिराको मुख्य कच्चा पदार्थ स्प्रिट विदेशबाट आयत खुला हुनाका कारण कम्पनीले उत्पादन गरेको स्प्रिटको विकी वितरणमा असर परी कारोवार कम हुन गएबाट कम्पनीको आर्थिक कारोवारमा असर पर्न गएको छ ।

(ख) हालै गएको भुकम्पको कारणबाट विद्युत गृहमा असर परेको कारणबाट नेपाल बिद्युत प्राधिकरणले विद्युत सप्लाईमा अनपेक्षित रुपमा कटौति गरेकाले र कम्पनीले उत्पादन प्रकृयामा प्रयोग हुने Husk / Grain को मूल्यमा समेत अधिक बृद्धि हुनबाट कम्पनीको उत्पादन लागतमा बृद्धि हुन गई कम्पनीको कारोवारमा असर परेकोछ ।

(ग) उद्योगको लागि आवश्यक पर्ने केहि कच्चा पदार्थ विदेशबाट आयत गर्नु पर्ने हुनाले विदेशी मुद्राको सटही दरमा स्थिरता नहुदा कम्पनीको उत्पादन लागतमा बृद्धि हुन गएकोछ ।

(घ) विभिन्न ब्राण्डका विदेशी मदिराहरु नेपालमा भारी मात्रामा आयत हुदाँ स्वदेशी मदिराको कारोवारमा प्रत्यक्ष प्रभाव परेकोछ । यसको प्रत्यक्ष असर राष्ट्रिय राजश्व असुली तथा उद्योगको आर्थिक क्षेत्रमा परेको र भविश्यमा समेत पर्ने देखिन्छ ।

(ङ) मदिरा विक्री वितरण एवं उपभोगको मूख्य स्थान मानिएका होटल, रेष्टुरेण्टहरुमा उपभोक्ताहरुको उपस्थितीको कमीले गर्दा मदिरा जन्य बस्तुहरुको उपभोग एवं बिक्रि वितरणमा प्रभाव पर्न गएकोछ ।

(च) हाल बजारमा सक्कली मदिराको बोतलमा विभिन्न किसिमका मदिराहरु भरी, नक्कल गरी कारोवार गर्न सकृय अवैध गिरो हका कारण मदिरा उपभोक्ता तथा मदिरा उत्पादक कम्पनीको भविश्य माथि ठूलो चुनौति देखा परेको छ । यसबाट नेपाल सरकारको राजश्व असुलीमा कम हुनको साथ साथै उपभोक्ताको जिउ धनमा समेत गंभिर असर पर्न सक्ने देखिन्छ ।

## ३. प्रतिवेदनको मिति सम्म चालु बर्षको उपलब्धी र भविष्यको सम्बन्धमा संचालक समितिको धारणा ः

(क) आर्थिक बर्ष २०७१/७२ को प्रथम दुई महिनाको तुलनामा आर्थिक बर्ष २०७२/०७३ को बिक्रि वितरणमा कमी देखा परे को तपसिलमा उल्लेखित विवरणले सावित गरेको छ ।

| महिना | आ.ब. २०७१/७२ | आ.ब. २०७२/७३ |
|---|---|---|
| श्रावण देखि भाद्र मसान्त सम्म | १,६४,७८,१९६।७५ | ८०,५००।०० |

यस आर्थिक वर्षको शुरु देखि प्रतिवेदन तयार गर्दा सम्मका अवधिमा राजनैतिक अस्थिरताका साथै तराईमा देखिएको अनिश्चितकालीन बन्दको प्रभाव, आदिका कारणले कारखाना स्थल समेत बन्द भएबाट यस अवधिमा न्यून उपलब्धी भएको तथ्य प्रष्ट गर्न चाहान्छौं । यो अवस्था निरन्तर रहेमा कम्पनीले लिएको वार्षिक लक्ष्य समेतलाई प्रभाव पर्ने देखिएको महशुस गरेका छौं ।

(ख) कम्पनीको समग्र स्तरोन्नतीका लागि नयां प्रविधिहरु  प्रयोग गर्ने, कम्पनीमा कार्यारत कर्मचारीहरुको बृत्ति विकाश गर्ने तथा साधान र श्रोतहरुको उच्चतम् उपयोग गरी उत्पादकत्व अभिवृद्धि गर्ने हेतुले कम्पनीको व्यवस्थापन अत्याधुनिक तरिकाबाट संचालन गर्न गराउन जावलाखेल ग्रुप अफ ईण्डष्ट्रिज प्रा.लि. संग व्यवस्थापन सम्झौता गरी तपशिलका क्रियाकलापहरु संचालन गर्ने लक्ष्यका साथ अगाडि वढ्ने उद्बेश्य राखेका छौं ।

१. जावलाखेल ग्रुप अफ ईण्डष्ट्रिज प्रा.लि. संग सहकार्य गरी कम्पनीले उत्पादन गरेका वस्तुहरुको बजारमा रहेको अवस्था, प्रतिस्पर्धि वस्तुको अवस्था, अन्य कम्पनीले गरि रहेको गतिविधिहरुलाई एकिकृत रुपमा अध्ययन गर्नका लागि BIZOM Software लागु गरी कार्य गर्ने लक्ष्य लिएका छौं । यसबाट कम्पनीले बजारको विस्तृत अध्ययन गरी कम्पनीले उपभोक्ताहरुमा के कस्ता कार्यक्रमहरु तर्जुमा र लागु गर्नु पर्ने रहेछ भनि निर्णय लिन सजिलो हुने विश्वास लिएका छौं ।
२. त्यसै गरी कम्पनीले लक्ष्य हासिल गर्नका लागि उच्च तहमा व्यवसाय संग सम्वन्धित र अनुभव हासिल गरेका साथै उच्च मनोवल भएका कर्मचारीहरु उक्त कम्पनी संग लिई कार्य गर्ने सोच  साथ अगाडि वढिरहेका छौं ।
३. जावलाखेल ग्रुप अफ ईण्डष्ट्रिज प्रा.लि. संगको सहकार्यमा कम्पनीका कर्मचारीहरुको त्रैमासिक एवं वार्षिक कार्य संम्पादन मुल्याङ्कनलाई प्रभावकारी बनाउनका लागि HR Appraisal Software जडान गरि आगामी बर्षहरुमा कार्य गर्ने लक्ष्य लिएका छौं ।
४. जावलाखेल ग्रुप अफ ईण्डष्ट्रिज प्रा.लि.संगको सहकार्यमा सम्पूर्ण गतिविधीहरु तथा क्रियाकलापहरुको सूचनाहरु संकलन तथा संचित गरी सहज किसिमले उचित निर्णयका लागि आगामी वर्षमा Enterprises Resource Planning System (ERP) लागु गर्ने लक्ष्यका साथ कार्य गरि रहेका छौं ।
५. कम्पनीबाट उत्पादन हुने विभिन्न ब्राण्डका मदिरा तथा स्प्रिटको गुणस्तरलाई उपभोक्ता समक्ष अझ वढि विश्वासनीय बनाउनका लागि उत्पादनहरुको गुणस्तरलाई निरन्तरता दिदै व्यवस्थापन कम्पनीको सहकार्यमा अन्तराष्ट्रिय स्तर

को Laboratories  बाट प्रमाणित गरी तोकेको मापदण्ड अनुसारका क्ष्क्ह प्रमाणिकरण गर्ने लक्ष्य लिएका छौं ।

६. जावलाखेल ग्रुप अफ ईण्डष्ट्रिज प्रा.लि. संगको सहकार्यमा कम्पनी र उपभोक्ताहरु संग प्रतक्ष्य सम्बन्ध स्थापित गरी राय सुझाव संकलन गर्ने अभिप्रायले उपभोक्ता सर्वेक्षण विभाग  (Customer Care Department) स्थापित गरी कार्य गर्ने लक्ष्य लिएका छौं । जसबाट कम्पनीका उत्पादनहरु प्रति उपभोक्ताको सकारात्मक धारणा अभिवृद्धि भै विश्वासनीयता वढ्ने छ ।

७. जावलाखेल ग्रुप अफ ईण्डष्ट्रिज प्रा.लि. संगको सहकार्यमा कम्पनीले उच्च प्राथामिकता साथ उच्च गुणस्तरको अधिकतम् स्प्रिट उत्पादन गर्नका लागि विदेशी परामर्शदाताबाट परामर्श लिई कार्य गरि रहेको छौं ।

(ग) उत्पादन लागत र कम्पनीका अनावश्यक खर्चहरु कम गर्दै जानका लागि कम्पनीले विभिन्न उपायहरुको अवलम्वन गर्ने र अनुत्पादक तथा प्रतिफल विहिन कार्यमा गरिने खर्च कटौति गर्ने लक्ष्यका साथ कार्य गर्ने नीति लिएका छौं ।

(घ) कम्पनीमा जडान भएको स्प्रिट प्लाण्ट, टर्वाईन, हस्क व्योइलर, ग्रेन हयाण्डलिङ्ग युनिट आदि साथै कम्पनीले जडान तथा संचालन गर्ने भनी कार्य गरि रहेको डि.डि.जि.यस. प्लाण्टको सम्वन्धमा आवश्यक सुधारका लागि विदेशी परामर्शदाताबाट प्राबिधिक अध्ययन समेत गराई प्राप्त राय सुझाव अनुसार  कार्य आरम्भ गरि सकेकाले यसबाट कम्पनीले भबिश्यमा लाभ प्राप्त गर्ने आशा लिएका छौं ।

(ङ) कम्पनीले उत्पादन गरेको ४० यु.पि.शक्तीको गोल्डेन ओक नामक मदिरा उपभोक्ताले अत्यधिक रुचाएको महसुस कम्पनीले गरेकाले भविश्यमा यसबाट सकारात्मक प्रतिफलको आशा लिएका छौं ।

(च) कम्पनीले ईण्डिया स्थित पर्नोड रिकार्ड ईण्डिया प्रा.लि.संग सम्झौता सम्पन्न गरि सम्वन्धित निकायबाट स्विकृती लिई Blenders Pride / Royal Stag  नामक उच्चस्तरका मदिराहरुको उत्पादन तथा विक्री वितरण गर्दै आएका छौं । यस कार्यलाई निरन्तरता र अझ प्रभावकारी बनाउनका लागि सम्वन्धित कम्पनीका प्रतिनिधि र यस कम्पनी व्यवस्थापन बीच सहकार्य गरी मार्केटिङ्ग गतिविधी प्रभावकारी रुपमा बढाउने लक्ष्यका साथ कार्य गरि रहेका छौं ।

(छ) कारखानामा काम गर्ने कामदार र कर्मचारीहरुको कार्य कुशलता र कार्यगत एकता कायम गर्नका लागि आवश्यक्तानुसार तालिम, सेमिनार, भेला, बनभोज जस्ता कार्यक्रमहरुलाई निरन्तरता दिदै आएका छौं । यस्ता कार्यबाट कम्पनी व्यवस्थापन र कामदार कर्मचारी वीच कार्यगत एकता भै कम्पनीको दैनिक कार्य सहजता हुनका साथ साथै उत्पादकत्वमा समेत बृद्धि हुने अपेक्षा गरेका छौं ।

(ज) हाले मात्र गएको भुकम्पबाट कम्पनीका प्रभावित कामदार तथा कार्यरत कर्मचारीहरुलाई केहि मात्र भए पनि सहयोग होस् भनी केहि रकम राहत स्वरुप प्रदान गरेका छौं ।

## ४. औद्योगिक र व्यवसायीक सम्वन्धमाः

(क) कम्पनीको आर्थिक अवस्थामा सुधारात्मक लक्ष्यणहरु देखा परेकाले वैंक तथा वित्तीय संस्थाहरु संगको सम्वन्ध आगामी दिनहरुमा अझ सुदृढ हुने विश्वास लिएका छौं ।

(ख) कम्पनीले गत वर्ष देखि नै चर्चित व्राण्ड Blenders Pride नामक मदिराको उत्पादन तथा विक्री वितरण आरम्भ गरि उपभोक्ता सामु नयां स्वाद पस्केबाट उपभोक्तासंगको अप्रत्यक्ष सम्वन्धमा सुधार हुने आशा लिएका छौं । यसै गरी न्यमिभल इबप नामक मदिरा समेत उत्पादन गरी बजारमा विक्री वितरण गरेबाट कम्पनीका आधिकारिक विक्रेताहरुसंग समेत व्यवसायिक सम्वन्धमा विस्तार भएको महसुस गरेका छौं ।

(ग) कम्पनीको लागी आवश्यक कच्चा पदार्थहरु आपुर्ति गर्ने स्थानीय तथा विदेशी सप्लायर्सहरु संगको सम्वन्धमा गत वर्षको तुलनामा अझ सुदृढ र सुधार हुने अपेक्षा लिएका छौं ।

(घ) कारखाना स्थललाई अझ वढि वातावरण मैत्री बनाउनका लागि Decanter, ETP जस्ता परियोजनाहरुलाई निरन्तर संचालनमा ल्याउने कार्य गरि रहेका छौं । जसबाट स्थानीय रुपमा कम्पनीको सम्वन्ध विस्तार हुने अपेक्षा गरेका छौं ।

(ङ) यसै गरी यस वर्ष पनि वातावरण तथा समाज प्रतिको उत्तरदायित्वलाई कम्पनीले प्राथमिकतामा राखेको छ । यसका लागि कम्पनीले नेपाल सरकारका आधिकारिक निकायहरु, स्थानीय क्लवहरु, सामाजिक संस्था तथा धार्मिक संस्थाहरु साथ साथै राजनैतिक दलहरु संग समन्वय गरी कार्य गर्दै आईरहेका छौं ।  यस्ता कार्यलाई आगामी वर्षहरुमा पनि प्रभावकारी रुपमा निरन्तरता दिने प्रतिवद्धता व्यक्त गर्दछौं ।

(च) व्यवसाय बृद्धिका लागि Public/ Private Partnership का कार्यक्रमहरुमा कम्पनीलाई अधिकतम् सहभागी गराई आगामी वर्षहरुमा कार्य गर्ने लक्ष्य लिएका छौं ।

## ५. संचालक समितिमा भएको हेरफेर र त्यसको कारण :

मिति २०७० आश्विन १६ गते भएको कम्पनीको विषेश वार्षिक साधारण सभामा निर्वाचित भई गठन भएको संचालक समितीमा केहि परिवर्तन भएको छैन । सोही सभाबाट निवार्चित संचालकहरुबाट निर्मित संचालक समितिले नै हाल सम्म कार्य गरि रहेको छ ।

## ६. कारोवारलाई असर पार्ने मुख्य कुराहरु :

(क) विभिन्न ब्राण्डका मदिरा तथा स्प्रिट खुल्ला रुपमा आयत हुनु ।
(ख) अबैध तथा नक्कली मदिरा नियन्त्रणमा सकारात्मक प्रभाव नदेखिनु ।
(ग) मदिराजन्य वस्तुको होडिङ्गवोर्ड तथा विद्युतीय प्रचार प्रसारमा रोक लगाउनु ।
(घ) तयारी मदिराको विक्री वितरणको सुरक्षात्मक व्यवस्था खुकुलो हुनु ।
(ङ) कारखाना संचालनमा आवश्यक पर्ने विद्युत सप्लाईमा कटौति भैरहनु ।
(च) कच्चा पदार्थ लगायत सहायक कच्चा पदार्थको मुल्य बृद्धि तथा कृतिम अभाव हुनु ।
(छ) बजारमा अस्वस्थ्य प्रतिष्पर्धा हुनु ।
(ट) मदिरा प्रशासन सम्वन्धि व्यवस्था समय सापेक्ष नहुनु ।
(ठ) देशमा मदिरा उत्पादन गर्ने उद्योगको स्थापना चाहिदो भन्दा बढि हुनु ।

## ७. लेखा परीक्षण प्रतिवेदनमा कुनै कैफियत भए सो मा प्रतिकृया :

लेखा परीक्षणमा कुनै कैफियत नरहेकाले कुनै पनि प्रतिकृया नभएको ब्यहोरा अनुरोध छ ।

## ८. नगद लाभांस बाडँफाड गर्न सिफारिस गरिएको प्रतिशत :

कम्पनीले यस वर्ष आर्जन गरेको खुद मुनाफाबाट लाभांस भुक्तानीमा लाग्ने कर बाहेक प्रति शेयर रु. २०.०० (वीस) का दरले नगद लाभांस शेयरधनीहरुलाई वितरण गर्ने सिफारिस गरेका छौं । कम्पनी संचालक समीतिले गरेको उक्त लाभांस वितरणको सिफारिस तपाईहरुबाट अनुमोदन हुने नै छ भन्ने पूर्ण आशा र विश्वास लिएका छौं ।

अन्त्यमा शेयरधनी महानुभावहरुबाट कम्पनीलाई सहयोग प्राप्त भैरहने आशा एवं विश्वास व्यक्त गर्दै कम्पनीलाई सहयोग पुऱ्याउनु हुने नेपाल सरकारका विभिन्न निकायका कर्मचारीहरु, कम्पनीका कामदार कर्मचारीहरु, सप्लायर्सहरु, वितरकहरु, उपभोक्ताहरु, शेयरधनीहरु र शुभ चिन्तक लगायतका सम्पूर्ण महानुभावहरुलाई संचालक समिति तथा मेरो आफ्नै तर्फबाट हार्दिक कृतज्ञता एवं धन्यवाद व्यक्त गर्न चाहन्छु ।

धन्यवाद ।

संचालक समितिको तर्फबाट
श्रीमती मारग्रेट टि.जे.शाह
अध्यक्ष

## कम्पनी ऐन २०६३ को दफा १०९ को उप दफा ४ अनुसारको अतिरिक्त बिवरण : (आर्थिक बर्ष २०७१/७२)

१. शेयर जफत सम्बन्धि बिवरण : यस आर्थिक बर्षमा कुनै पनि कम्पनीका शेयरहरु जफत भएका छैनन ।

२. कम्पनी र सहायक कम्पनी बिचको कारोबार : यस कम्पनीको कुनै सहायक कम्पनीहरु नभएको साथै कारोवार समेत भएको छैन ।

३. कम्पनीका आधारभुत शेयरधनिहरुले कम्पनीलाई उपलब्ध गराएको जानकारी : यस्तो कुनै जानकारी प्राप्त हुन आएको छैन ।

४. गत आर्थिक बर्षमा कम्पनीका संचालक र पदाधिकारीहरुले लिएको शेयर स्वामित्वको बिवरण : प्रस्तुत

५. कम्पनी संग सम्बन्धित सम्झौताहरुमा कुनै संचालक वा निजको नजिकको नातेदारको व्यक्तीगत स्वार्थ बारे उपलब्ध गराईएको जानकारीको व्यहोरा : यस अबधिमा त्यस्तो कुनै सम्झौता भएको जानकारी कम्पनीमा प्राप्त भएको छैन ।

६. बाई ब्याक गरिएका शेयरको बिवरण : कम्पनीले आफ्ना शेयरहरु आफैले वाई ब्याक गरेको छैन ।

७. आन्तरीक नियन्त्रण व्यवस्था : कम्पनीको आन्तरीक नियन्त्रण व्यवस्था प्रभावकारी रहेको छ। आन्तरीक नियन्त्रण व्यवस्थामा अवलम्बन गरिएका मुख्य प्रकृयाहरु निम्नानुसार रहेका छन ।

   क. मजबुत आन्तरीक लेखा परीक्षण, निरिक्षण र नियन्त्रण प्रणाली अपनाईएको छ ।

   ख. कम्पनीको आन्तरीक लेखा परीक्षक नियुक्ती गरी लेखा परीक्षण गर्ने कार्य त्रैमासिक रुपमा नियमित भई रहेको निजहरुले दिएको प्रतिवेनदलाई लेखा समिती तथा संचालक समितिमा पेश गरि छलफल गरिने र प्राप्त निर्देशन बमोजिम कार्य गरि रहेका छौं ।

   ग. वार्षिक लक्ष्यलाई प्राथमिकता साथ हेरी सो अनुसार कार्य भए नभएको सम्वन्धमा तुलनात्मक अध्यन गर्ने गरिएको छ ।

   घ. उत्पादन तथा बिक्रि वितरणमा प्रत्यक्ष नियन्त्रण तथा अनुगमनका लागी नेपाल सरकार, आन्तरीक राजश्व कार्यालयबाट पुर्णकालिन कर्मचारी खटाई प्रत्यक्ष नियन्त्रण एवं अनुगमन गर्ने गरिएको छ ।

   ङ. कामदार तथा कर्मचारीको हितका लागि भैपरि आउने दुर्घटनाबाट कसरी बच्ने, बचाउने सम्वन्धि तालिम, काम गर्दा अपनाउनु पर्ने सावधानीहरु आदीका विषयमा प्रयोगात्मक एवं शैद्धान्तिक तालिमहरु, कामदार तथा कर्मचारीहरुको स्वस्थ प्रत्यक्ष असर नपरोस् भन्नका लागि आवश्यक स्वस्थ्य सम्वन्धि सामाग्रीहरुको वितरण जस्ता कम्पनीका गतिविधिहरुले कार्यगत एकता एवं वातावरण मैत्री बनाउनेमा सहयोग पुगेको महसुस गरिएको छ । साप्ताहिक रुपमा कारखाना व्यवस्थापन र कम्पनी व्यवस्थापन वीच वैठक राखी भए गरेका कार्यको विवरण, कम्पनीले लक्ष्य हासिल गर्नका लागि उपयुक्त वैकल्पीक उपायको अवलम्वन, देखिएका समस्याहरुको निराकरणको लागि कारखाना र सम्पर्क कार्यालय बीच नियमित छलफल एवं प्रतक्ष्य सम्पर्कबाट गतिविधी बुझ्न सजिलो भएकोछ ।

   च. कम्पनीले सामाजिक उत्तरदायित्व बहन गर्नका लागि विभिन्न क्लव, शैक्षिक संस्था, धार्मिक संस्था जस्ता संस्था संग समन्वयन गरी यथासंम्भव सहयोग गरि रहेका छौं ।

८. **समिक्षा बर्षमा भएको कुल व्यवस्थापन खर्च :**

| बिवरण | २०७१/७२ |
|---|---|
| कर्मचारी खर्च | ५,०४,७४,३३५।०० |
| कार्यालय संचालन खर्च | ५,४१,२७,८६०।०० |
| जम्मा व्यवस्थापन खर्च | १०,४६,०२,१९५।०० |

९. **लेखा परीक्षण समितिको सदस्यहरुको नामावली, पारश्रमिक भत्ता तथा सुविधा, सो समितिले गरेको काम कारवाहिको बिवरण र समितिले दिएको सुझावको विवरण :**

क. लेखा परीक्षण समितिका सदस्यहरुको नामावली : लेखा परिक्षण समितीमा निम्नानुसारका सदस्यहरु रहनु भएको छ।

१. श्री अखिलेश्वर प्रसाद सिंह
२. श्री सान्टु श्रेष्ठ
३. श्री शंकर राज पाण्डे
४. श्री नरेन्द्र कुमार वस्न्यात्
५. श्री प्रकाशमणी घिमिरे

ख. लेखा समितिको सदस्यहरुलाई रु.५०००/- (कर सहित) बैठक भत्ताको व्यवस्था गरिएको छ।

ग. समितिले गरेको काम कारवाहिको बिवरण :

(१) प्रत्येक त्रैमासिक अबधिको कम्पनीको आर्थिक प्रगति विवरण, आन्तरिक लेखा परीक्षकबाट लेखा परीक्षण गराई निजले दिएको लेखा प्रतिवेदनमा जनाएका कैफियत अनुसार समिक्षा गर्ने र सो अनुसार कम्पनी व्यवस्थापनलाई सुधार गर्न गराउन निर्देशन दिने गरेको।

(२) कम्पनीको आर्थिक अवस्था र अन्य अवस्थाहरुको जानकारी र सुधार गर्ने उद्धेश्यले त्रैमासिक रुपमा नियमित आन्तरीक लेखा परीक्षण कार्य गर्न निर्देशन दिएको।

(३) कम्पनीको लेखा समितिको सिफारिस अनुसार आन्तरीक लेखा परीक्षक नियुक्ती गरिएको।

(४) लेखा परीक्षक नियुक्तिका लागी सिफारीस गर्ने लगायत कम्पनीको लेखा सम्बन्धि बिषयमा राय सल्लाह र सुझावहरु लेखा समितिले गर्ने गरेको।

(५) कम्पनीको अलेखापरीक्षित वासलात, नाफा नोक्सान हिसाव, वास्तविक नाफा नोक्सानको तुलनात्मक हिसाव, वास्तविक खर्चहरुको बिवरण, बिक्रि परिमाण र मुल्य, लक्ष्य र विक्रिको तुलनात्मक विबरण सहितको बिवरणहरु माग गरी समिक्षा गर्ने कार्य गरेको।

(६) कम्पनीको वार्षिक विक्री लक्ष्य, आम्दानी तथा खर्च आदिको समिक्षा गरी कम्पनी व्यवस्थापनलाई आवश्यक सुधारका लागि निर्देशन दिने गरेको।

(७) कम्पनीको वार्षिक अनुमानित बजेट स्विकृतको लागि संचालक समितिमा सिफारिस गर्ने गरेको।

१०. **संचालक, प्रबन्ध संचालक, कार्यकारी प्रमूख, अधारभुत शेयरधनी र निजका नजिकका नातेदार तथा संलग्न फर्म, कम्पनी वा संगठित संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाकि भए सो कुरा :** कुनै रकम बुझाउन बाकि नदेखिएको।

११. **संचालक, प्रबन्ध संचालक, कार्यकारी प्रमूख तथा पदाधिकारीहरुलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम :**

| कर्मचारीहरुको बिवरण | आ.ब. २०७१/७२ |
|---|---|
| राज बहादुर शाह (प्रवन्ध संचालक) | रू.३८,८०,४४०।०० |
| पंकजराज श्रेष्ठ(प्रमूख कार्यकारी अधिकृत) | रू.४०,५१,७४३।०० |
| रमेश श्रेष्ठ (प्रमूख संचालन अधिकृत) | रू.३४,८३,१८१।०० |
| सतिस कु. कर्ण (वित्त प्रमूख) | रू.३२,७२,९६५।०० |
| अन्य पदाधिकारीहरू | रू.२,९७,८५,५३३।०० |

१२. **शेयरधनीहरुले बुझि लिन बाकि रहेको लाभांशको रकम :** शेयरधनीहरुले गत वर्ष वितरण गरिएको लाभांस रु.११,००,८४२।२८ (अक्षरुपी एघार लाख आठ सय बयालीस पैसा अठ्ठाईस मात्र) बुझि लिन बाकीं देखिएको छ।

# हिमालयन डिष्टिलरी लिमिटेडको
# शेयरधनी महानुभावहरु समक्ष
# लेखापरीक्षकको प्रतिबेदन

१. वित्तीय विवरण माथीको प्रतिवेदन

हामीले हिमालयन डिष्टिलरी लिमिटेडको यसैसाथ संलग्न वित्तीय विवरणहरु २०७२/३/३१ (१६ जुलाई २०१५) को वासलात, र सोही मितिमा समाप्त बर्षको विस्तृत आय विवरण, पूंजीमा भएको परिवर्तनको विवरण, नगद प्रवाहको विवरणका साथै अपनाइएका मुख्य मुख्य लेखा निती अन्य विश्लेशण युक्त जानकारी समावेश छ को लेखापरीक्षण गर्यौ ।

२. वित्तिय विवरण प्रति व्यवस्थापनको उत्तर दायित्व

नेपाल लेखापरीक्षण मान् अनुसार वित्तीय विवरणहरु उपयुक्त तरिकाले तयार गरी सारभुत रुपमा ठिकसित प्रस्तुतीकरण गर्नु व्यवस्थापनको उत्तर दायित्व हो र जालसाजी वा गल्तीबाट बित्तिय विवरणमा समाबेश आंकडा गलत नहोस भन्ने हेतु व्यवस्थापनबाट आन्तरिक नियन्त्रणको आवश्यक व्यवस्था गर्नु पर्दछ ।

३. लेखापरिक्षकको उत्तरदायित्व

लेखापरीक्षकको नाताले हाम्रो उत्तर दायित्व वित्तिय विवरण प्रति आफ्नो मन्तव्य जाहेर गर्ने हो । हामीले नेपाल लेखापरीक्षणमान् अनुसार लेखापरीक्षण सम्पन्न गरेका छौ । उक्त लेखामान्बाट तोकेको आचारसंहिता पालना गर्दै वित्तिय विवरण सारभुत रुपमा गलत आंकडा रहित छ भन्ने कुरामा विश्वस्त हुन लेखापरीक्षणमान् अनुसार लेखापरीक्षण योजना तयार गरी सो अनुसार लेखापरीक्षण सम्पन्न गर्नु पर्दछ ।

वित्तिय विवरणका आंकडा तथा खुलाइएका अन्य विवरणलाई पुस्ट्याई गर्ने प्रमाण प्राप्त गर्ने विधी लेखापरीक्षणमा अपनाएको हुन्छ । लेखापरीक्षकले अपनाउने विधीको चुनाव लेखापरीक्षकको फैशलामा निर्भर गर्दछ र सोही विधीको आधारमा लेखापरीक्षकले जालसाजी वा गल्तीको जोखिमबाट सारभुतरुपमा वित्तिय विवरणका आंकडाहरु गल्ती रहित छ भन्ने व्यहोरा निर्धारण गर्दछ । उल्लेखित जोखिम निर्धारण गर्दा कम्पनीको वित्तिय विवरणको तयारी र खुलाइएका विवरण सम्बन्धमा अपनाएको आन्तरिक नियन्त्रणको प्रभावकारीताको विचार गरी मौजुदा परिस्थिती अनुसार लेखापरीक्षण विधी तयार गर्दछ । तर यस्ले कम्पनीको आन्तरिक नियन्त्रण प्रणाली कती प्रभावकारी छ भन्ने धारणा प्रस्तुत गर्नको लागी हुने छैन । कम्पनीले अवलम्बन गरेको लेखासिद्धान्तको उपयुक्तता व्यवस्थापनले गरेको वित्तिय अनुमानको औचित्यताका साथै वित्तिय विवरण प्रस्तुतीको समग्र स्थितीको मुल्यांकन पनी लेखापरीक्षणमा समावेश हुन्छ । लेखापरीक्षणमा उपलब्ध गरेका जानकारीले हाम्रो मन्तव्यलाई प्रयाप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

४. मन्तव्य

हाम्रो रायमा संलग्न वित्तिय विवरणहरुले सोहीसाथ संलग्न लेखा निति तथा लेखासंग सम्बन्धित टिप्पणीहरुका साथै अध्ययन गर्दा २०७२ आषाढ ३१ (१६ जुलाई २०१५) गतेको वित्तिय स्थिती, सो मितिमा समाप्त भएको आर्थिक बर्षको संचालन नतिजा र नगद प्रवाहको उचित तथा यथार्थ चित्रण गरेको र यी विवरणहरु नेपाल चार्टर्ड एकाउण्टेण्टस् संस्थाबाट जारी नेपाल लेखामान, लेखाको सर्वमान्य सिद्धान्त तथा प्रचलन अनुसार र कम्पनी ऐन २०६३ को निर्देशन अनुसार ठिकसंग तयार गरिएका छन् ।

५. अन्य कानूनी तथा नियमनकारीको आवश्यकता माथीको हाम्रो प्रतिवेदन

माथि उल्लेखित व्यहोराको अतिरिक्त हामीले गरेको लेखा परीक्षण तथा हामीलाई प्राप्त सूचना एवं उपलब्ध स्पष्टिकरणको आधारमा निम्नानुसारको थप प्रतिवेदन पेश गर्दछौं :

क) हामीले लेखापरीक्षणको लागी आवश्यक ठानेका सबै सूचना तथा स्पष्टीकरणहरु यथा सिघ्र पायौ ।

ख) हाम्रो विचारमा कम्पनीले आफ्नो हिसाब किताब प्रचलित कानुन अनुसार ठीकसंग राखेको छ ।

ग) यस प्रतिवेदनसंग सम्बन्धित वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण कम्पनीले राखेको लेखासंग दूरुस्त रहेका छन् र यी विवरणहरु कम्पनी ऐन २०६३ बमोजिम तयार भएका छन् ।

घ) कम्पनीले गरेको कारोवार त्यसको अख्तियारी भित्र रहेको र यी कारोवार सन्तोषजनक रुपमा भएको देखिन्छ,

ङ) कम्पनीको संचालक समिति वा कुनै संचालक वा कम्पनीको कुनै कर्मचारीले लेखा सम्वन्धि कुनै ऐन कानून बिरुद्ध काम गरेको वा कम्पनीलाई कुनै हानी नोक्सानी वा बेहिसाब गरेको देखिदैन ।

द.
सि.ए. मनिष अमात्य
पार्टनर
नि. एन.अमात्य एण्ड कम्पनी
चार्टड एकाउन्टेन्टस्

मिति : २०७२।०६।२४
स्थान : काठमाण्डौ

## हिमालयन डिष्टिलरी लिमिटेड, पर्सा
## २०७२ साल अँषाढ ३१ (जुलाई १६, २०१५) को वासलात

| विवरण | अनुसूची | २०७१।७२ (रु.) | २०७०।७१ (रु.) |
|---|---|---|---|
| पूजी तथा दायित्व | | | |
| शेयर पूँजी | १ | ३८,५६,४५,५०० | ३८,५६,४५,५०० |
| संचित नाफा | | २८,३१,७३९ | २७,६५,९८९ |
| सुरक्षित ऋण | २ | ४,९२,०७,९३१ | ६,७३,०४,५१२ |
| डेफर्ड कर दायित्व | | ४,६३,८८,९५६ | ४,६४,३५,८२६ |
| जम्मा | | ४८,४०,७४,१२६ | ५०,२१,५१,८२७ |
| स्थिर सम्पति | | | |
| स्थिर सम्पतिको परल मुल्य | ३ | ९०,८५,४६,८८८ | ८२,४७,४९,२७६ |
| न्यून: संचित ह्रास तथा ह्रास कट्टी | | (३७,६९,०१,४८९) | (३४,१६,२२,०२९) |
| खुद स्थिर सम्पति | | **५३,१६,४५,३९९** | **४८,३१,२७,२४७** |
| पूँजीगत कार्य प्रगती | | १०,३३,१०,४२५ | १४,१६,८१,१२२ |
| चालु सम्पति | | | |
| नगद तथा बैंक मौज्दात | ४ | ९,२२,५९,३३२ | २०,९६,८२९ |
| जिन्सी मौज्दात | ५ | २०,३८,५२,९२३ | २२,३८,७२,७२९ |
| आसामी तथा अन्य प्राप्त हुन बाँकी | | १४,४४,४३,६६९ | १७,७५,३६४ |
| अग्रिम भुक्तानी, पेश्की तथा धरौटी | ६ | ५,५४,९५,२३७ | ९,३९,८२,०९६ |
| जम्मा चालु सम्पति | | ४९,६०,५१,१६१ | ३२,१७,२७,०१८ |
| न्यून : चालु दायित्व एवं व्यवस्था | | | |
| छोटो अबधिको ऋण | ७ | १७,२६,०८,४२५ | १९,६२,७८,०९८ |
| बिबिध साहुहरू | | २३,०५,१७,०५७ | ७,१६,९८,३१३ |
| ग्राहकहरूबाट अग्रिम भुक्तानी तथा भुक्तानी दिन | ८ | ११,४४,४४,९०१ | ५,५४,०९,४५६ |
| व्यवस्थाहरू | ९ | १२,९३,६२,४७६ | १२,४१,४२,३२५ |
| जम्मा चालु दायित्व | | ६४,६९,३२,८५९ | ४४,७५,२८,१९२ |
| खुद चालु सम्पति | | (१५,०८,८१,६९८) | (१२,५८,०१,१७४) |
| विविध खर्च | १० | – | ३१,४४,६३२ |
| जम्मा | | ४८,४०,७४,१२६ | ५०,२१,५१,८२७ |
| सम्भाव्य दायित्व | ११ | १,२८,२०,८५६ | १,२८,२०,८५६ |
| महत्वपूर्ण लेखा नीति र टिप्पणीहरु | १७ | | |

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

द.
वित्त प्रमुख

द.
प्रवन्ध संचालक

द.
अध्यक्ष

द.
सि.ए. मनिष अमात्य
साझेदार
एन. अमात्य एण्ड कम्पनी
चार्टर्ड एकाउण्टेण्टस्

मिति : २०७२–०६–२४
काठमाडौ

## हिमालयन डिष्टिलरी लिमिटेड, पर्सा

### २०७१ श्रावण १ देखि २०७२ आषाढ ३१ (जुलाई १७, २०१४ देखि जुलाई १६, २०१५) सम्मको नाफा नोक्सान खाता

| विवरण | अनुसूची | २०७१।७२ (रु.) | २०७०।७१ (रु.) |
|---|---|---|---|
| संचालन आय | १२ | १,५२,३६,४६,००० | १,५३,०५,०८,७१८ |
| न्यून : संचालन लागत | १३ | (१,०२,९६,८७,७९७) | (९९,८१,२५,६४२) |
| **संचालन नाफा** | | **४९,३९,५८,२०३** | **५३,२३,८३,०७६** |
| अन्य आम्दानी | | ७१,०८,४४६ | ६६,१७,८७६ |
| सम्पत्ति बिक्रीबाट भएको नाफा/(घाटा) | | १,९३,५५७ | (९,९८,२०९) |
| बिक्री तथा वितरण खर्चहरू | | (२०,२७,८८,८२८) | (१२,४९,३५,७०५) |
